Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81805
Research Article
ISSN: 3021-9035 Print

# समय र सपना कवितासङ्ग्रहका कवितामा नारी समाज

डा. अम्बिका अर्याल
ambiaryal@gmail.com

## लेखसार

प्रस्तुत लेख कौशिला रिसालको समय र सपना कवितासङ्ग्रहभित्रका कवितामा चित्रण गरिएको नारी–समाजको अध्ययनमा केन्द्रित छ। उनका कवितामा विगतमा महिलामाथि हुने गरेका दमनका विरुद्धमा आवाज उठाउने नारीहरूको उपस्थितिमार्फत परम्पराभन्दा भिन्न नारीसमाजलाई समेटिएको पाइन्छ। यो कवितासङ्ग्रहभित्रका कवितामा नारीले जस्तोसुकै परिस्थितिमा पद्धिन हिम्मतका साथ अगाडि बढेर चुनौतीलाई सामना गर्नुपर्ने आवाजका माध्यमबाट पितृसत्ताभन्दा भिन्न र स्वतन्त्र समाज आजको आवश्यकता भएको तथ्य प्रस्तुत गरेको पाइन्छ। तसर्थ यसमा प्रस्तुत भएको समाज, नारीहरूको त्यसप्रतिको विचार र समतामूलक समाजको मागसम्बन्धी दृष्टिकोणलाई केकसरी अभिव्यक्त गरिएको छ भन्ने मूल जिज्ञासाको समाधान खोज्ने लक्ष्य यस लेखले राखेको छ । रिसालका कवितामा चित्रित नारीसमाजको अध्ययनका लागि नारीवादी सिद्धान्तका मूलभूल मान्यतालाई सैद्धान्तिक आधार मानिएको हुँदा यो अध्ययन निगमनात्मक प्रवृत्तिको बन्न पुगेको छ । नारीवादी सिद्धान्तले अघि सारेका लैङ्गिक असमानता र विभेदको चित्रण, पितृसत्ताको आलोचना अथवा यौनिक हिंसाको प्रतिरोध, महिलाको शरीर, यौनिकता र निजतासँग सम्बन्धित अभिव्यक्ति, श्रमको अवमूल्यन र वर्गीय शोषण, प्रतिनिधित्व र आवाजको सवाल, स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरण, प्रतिरोधको स्वर तथा परिवर्तनको चेतना, सहअस्तित्व तथा समानताजस्ता बुँदालाई विश्लेषणको ढाँचा मानी यिनै उपशीर्षकभित्र कृतिको विश्लेषण गरिएको छ। रिसालका कवितामा यस दृष्टिले हालसम्म अध्ययन नभएको परिप्रेक्ष्यमा यसमा केन्द्रित भएर अध्ययन गरिनु औचित्यपूर्ण ठान्दै शोध्य जिज्ञासाको समाधान निकालिएको छ । यस कृतिमा परम्परागत पितृसत्तात्मक सोचलाई जस्ताको तस्तै स्वीकार्ने भन्दा समयअनुसार परिवर्तनको अपेक्षा गर्दै नारीको अस्तित्वप्रति जागरुक समतामूलक नारीसमाजको चित्रण सशक्त बनेको निष्कर्ष निकालिएको छ। यो किसिमको समाजको चित्रणले कवितालाई सशक्त, कलात्मक, गहन र ओजपूर्ण बनाएको निष्कर्ष यो अध्ययनको रहेको छ।

## शब्दकुञ्जी

सहअस्तित्व, परम्परा, पितृसत्ता, स्वतन्त्रता, समानता।

## विषय प्रवेश

समय र सपना (२०७७) कौशिला रिसालद्वारा रचित गद्य कवितासङ्ग्रह हो। उनका नयाँ वर्षको उपहार (२०७४, बालकथासङ्ग्रह), आहा ! फूल (२०७५, किशोर कथासङ्ग्रह), एउटा साहस (संस्मरण—नर्वदा खनाल), छेपाराको उखान (बालकथासङ्ग्रह), कमिलाको एकता (बालकथासङ्ग्रह), देशको माया (बालकवितासङ्ग्रह), नेपाली कवितामा नारीचेतना (समालोचना) जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् । उनका रचनामा समाजका विकृति विसङ्गति र विभेदप्रतिका प्रश्न र जातीय, वर्गीय र लैङ्गिक समानता तथा अस्तित्वको चेतना बोकेका नारीसमाजको उपस्थिति पाइन्छ। रिसालको समय र सपना कवितासङ्ग्रहभित्रका कविताहरूमा प्रस्तुत नारीसमाज

केकस्तो छ भन्ने जिज्ञासा यस लेखको मुख्य समस्या हो। नारीसमाज कृतिमा प्रस्तुत नारीहरूको अवस्था, प्रवृत्ति, विचार आदिलाई प्रतिनिधित्व गर्ने नारीहरूको समाज हो। नारीका हकहितका लागि आवाज उठाउन सक्ने चेतनशील र पितृसत्तात्मक व्यवस्थाभन्दा भिन्न व्यवस्थाको अपेक्षा गर्ने नारीसमाजको वकालत नारीवादीहरूले गर्ने गरेका छन् । यसमा नारीअस्तित्व, अधिकार, स्वतन्त्रता तथा समानताका पक्षधर नारीसमाजको खोजी गरिएको छ।

रिसालको प्रस्तुत कवितासङ्ग्रहका बारेमा विभिन्न अध्ययनहरू भएका छन् । हेमनाथ पौडेल (२०७७) को 'वर्तमानबोध र भविष्यदृष्टि भएका कविता' शीर्षकको लेखमा रिसालका कविताका विविध प्रवृत्ति तथा शैलीको वर्णन गरिएको छ । यसमा उनले रिसालका कवितामा समाज, संस्कृति र राजनीतिका अनेक पक्ष प्रतिविम्बित भएको धारणा राखेका छन् । यस्तै जीवेन्द्र देव गिरी (२०७७) ले यसै पुस्तकको आवरण पृष्ठमा रिसालका कवितामा उत्पीडित वर्गको पक्ष लिँदै समाजमा विद्यमान शोषण, अनाचार, विभेद र विकृतिको अन्त्य र राष्ट्रको अखण्डता, स्वाभिमान र स्वाधीनताको रक्षासम्बन्धी चेतना पाइने बताएका छन्। यसैगरी प्रथा (२०७७) ले रिसालको यो कवितासङ्ग्रहभित्रका कवितामा विद्रोहको ज्वालामुखी पाइने तथा जीवनका समुच्च मूल्यहरूको खोजी, विभेद विरुद्धको हुङ्कार, जिउने उद्दाम लालसाको पक्षपोषण र जैविक लयप्रतिको स्वीकृति पाइने बताएको देखिन्छ । यसरी रिसालका प्रस्तुत कवितासङ्ग्रहका कविताका प्रवृत्ति तथा शैलीका बारेमा सङ्क्षिप्त अध्ययन गरिएको पाइए पनि यसमा चित्रित नारीसमाजको विस्तृत अध्ययन हुन बाँकी नै रहेको स्थिति नै यसको शोधअन्तराल हो। साथै यो स्थितिमा यसै विषयलाई केन्द्रमा राखेर अध्ययन गरिनु मौलिक र नवीन कार्य पनि बन्न पुगेको छ। तसर्थ यो लेखले रिसालको विवेच्य कृतिमा अभिव्यक्त नारीसमाजको निरूपण गर्ने लक्ष्य लिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत अध्ययनका लागि स्वाध्ययन कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ। यसमा कौशिला रिसालको समय र सपना कवितासङ्ग्रहका कवितालाई प्राथमिक र नारीवादसँग सम्बद्ध अवधारणा तथा विश्लेष्य कृतिका सम्बन्धमा भएका अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यी दुवै सामग्रीको समुचित प्रयोगले कविताको नारीसमाजको विश्लेषणका लागि सैद्धान्तिक ढाँचा निर्माण गरिएको छ। यस क्रममा विभिन्न समाजमा नारीहरूको अवस्थालाई नारीवादी सिद्धान्तका कोणबाट हेरिएको छ। कौशिला रिसालको समय र सपना कविता–सङ्ग्रहभित्र चित्रित नारीसमाजको अध्ययनका लागि उदार नारीवादको लैङ्गिक असमानता र विभेदको चित्रण, उग्र नारीवादको पितृसत्ताको आलोचना अथवा यौनिक हिंसाको प्रतिरोधका साथै महिलाको शरीर, यौनिकता र निजतासम्बन्धी अभिव्यक्ति, मार्क्सवादी नारीवादको श्रमको अवमूल्यन र वर्गीय शोषण, प्रतिनिधित्व तथा आवाजको सवाल, अस्तित्ववादी नारीवादको स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरण, उत्तरआधुनिक नारीवादको प्रतिरोधको स्वर तथा परिवर्तनको चेतना र सबै नारीवादीले मान्ने सहअस्तित्व तथा समानतासम्बन्धी अवधारणाजस्ता नारीवादी मान्यतालाई विश्लेषणको ढाँचाका रूपमा लिएर विश्लेषणात्मक विधि प्रयोग गरी समस्याको समाधान निकालिएको छ। निगमनात्मकपद्धतिको यो लेख अन्तर्विषयक र गुणात्मक प्रकृतिको बनेको छ।

## *सैद्धान्तिक पर्याधार*

एकअर्कासँग सामाजिक सम्बन्ध, मूल्यमान्यता, संस्कृति तथा संस्थाहरूका माध्यमद्वारा सम्बन्ध बनाउन परस्पर क्रियाशील मानिसहरूको समूह नै समाज हो। यो समयअनुसार परिवर्तनशील हुन्छ (म्याकआइभर र पेज, सन् १९६१, पृ. २) । यौनिकतामा आधारित सामाजिक संरचनाहरूले महिलाहरूका लागि एउटा विशिष्ट सामाजिक संसार उत्पादन गर्दछन्। यसलाई समाजशास्त्रीहरूले 'नारी समुदाय' वा 'नारीसमाज' भन्छन्। यो समाजमा महिलाले भोगेका असमानता, सामाजिक भूमिका र साझा पहिचान समेटिएको हुन्छ (अन्डरसन र टेलर, सन् २००८, पृ.१३२)।

नारीवादी सिद्धान्तले पितृसत्तात्मक समाजमा नारीको अवस्था, नारीअधिकार र अस्तित्वको माग गर्ने नारी समाजको वकालत गर्दछ। नारीवाद एउटा यस्तो सिद्धान्त र अभ्यास हो, जसले लैङ्गिक असमानताहरूलाई बुझ्न र चुनौती दिन खोज्छ । साथै महिलाका अधिकार र सामाजिक न्यायका पक्षमा आवाज उठाउँछ (टङ, सन् २००९, पृ. ३) । नारीवादले महिला पनि स्वतन्त्र सोच, भावना, अधिकार र निर्णय क्षमतायुक्त व्यक्ति हुन् र उनीहरूको अस्तित्व समाजमा पुरुषसरह महत्त्वपूर्ण हुन्छ भन्ने मान्यता राख्दै नारीको हितमा केन्द्रित नारीसमाजको अपेक्षा गर्दछ।

नारीवादका केही प्रमुख आधारशिला छन्। तीमध्ये पहिलो लैङ्गिक समानता हो। यसले पुरुष र महिलाबिच अवसर, सम्मान, न्याय र व्यवहारमा कुनै भेद हुन नहुने विचार राख्दछ (टङ, सन् २००९, पृ. ५)। दोस्रो महिला अधिकारको सुनिश्चितता हो। यसले शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्ति अधिकार र राजनीतिक सहभागितामा जोड दिन्छ। तेस्रो पितृसत्ता प्रतिरोध हो। यसमा नारीवादले पुरुषकेन्द्रित सोच, संस्कृति र संरचनामा प्रश्न गर्छ (टङ, सन् २००९, पृ. ३३)। त्यसैगरी शरीर र यौनिकताको अधिकार नारीवादको चौथो महत्त्वपूर्ण पक्ष हो। यसले महिलाले आफ्नो शरीर र जीवनसम्बन्धी निर्णय स्वतन्त्रतापूर्वक लिन पाउनुपर्ने विश्वास राख्दछ (बुभा, सन् १९४९, पृ. ३४७) । पाँचौँ आवाज र प्रतिनिधित्व हो। यसले महिलाको अनुभूति, भाषा, साहित्य, निर्णय प्रक्रियामा समावेशको वकालत गर्दछ (बटलर, सन् १९९०, पृ. १०–२३)। यिनै सोचको प्रभाव नेपाली समाजमा पनि पर्दै गएको छ र त्यसबाट नेपाली समाज दिनानुदिन परिवर्तनको दिशातर्फ अग्रसर हुँदै गइरहेको छ।

प्रसिद्ध नारीवादी चिन्तक बेल हुक्सले नारीवादलाई लिङ्गीय पक्षपात र त्यसका कारण हुने शोषण र उत्पीडनको अन्त्य गर्नका लागि गरिएको आन्दोलनका रूपमा परिभाषित गरेकी छन् (हुक्स, सन् २०००, पृ. १)। अर्की नारीवादी चिन्तक सिमोन द बुभाले जन्मिँदैमा नारी बनाइन्छ भनेकी छन्। उनका अनुसार समाजले महिलालाई निश्चित भूमिका र पहिचानमा बाँधेर नारी बनाएको हो (बुभा, सन् १९४९, पृ. २६७)। नारीहरू जन्मजात रूपमै विभेदमा नपरेर समाजले निर्माण गरेको भूमिका र दृष्टिकोणका आधारमा दोस्रो दर्जाको ठानिन पुगेको नारीवादीहरूको मत छ।

नेपालजस्तो पितृसत्तात्मक समाजमा नारीवादको प्रभाव सशक्त बन्दै गएको छ। यहाँ महिलाले आज पनि बालविवाह, दाइजो प्रथा, घरेलु हिंसा, यौन उत्पीडन, शिक्षा र रोजगारमा विभेदजस्ता समस्याहरू झेलिरहेका सन्दर्भमा नारीअधिकारप्रति चिन्ता र चासो बढ्नु स्वाभाविक बनेको छ। कतिपय महिलाले विद्यालय जान नपाएको, आफ्नै शरीरको निर्णय गर्न नपाएको वा राजनीतिमा प्रतिनिधित्व गर्न कठिनाइ भएको अवस्था छ। यस्तो अवस्थामा विकसित मुलुकका नारीले पाएको समानता तथा स्वतन्त्रतालाई विश्वभूमण्डलीकरणको युगमा सामाजिक सञ्जालबाट नियालिरहेका नारीहरूमा यसतर्फ चासो बढ्नु सान्दर्भिक देखिन्छ। अझ लिखित रूपमा पाइएका कानुनी अधिकारले सामाजिक व्यवहारमा परिवर्तन ल्याएको छैन। महिलालाई अझै दोस्रो दर्जाका नागरिकझैं व्यवहार गरिएका दृष्टान्त पनि नेपाली समाजमा छन्। यस्तो अवस्थामा नारीवादले महिलालाई अधिकारबोध गराउने, समाजको संरचनागत विभेदविरुद्ध प्रश्न उठाउने र परिवर्तनको चेतना सृजना गर्ने काम गर्दै आएको छ। तिनै सन्दर्भलाई लेखनमा समेत सर्जकहरूले उतारेको देखिन्छ। तसर्थ सृजनात्मक कृतिमा पनि नेपाली नारीसमाजको अध्ययन नारीवादी कोणबाट गर्न सकिने स्थिति देखिन्छ।

नारीवादी विचारधाराका दृष्टिबाट नारीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अवस्था अध्ययन गर्ने गरिन्छ। यसले समाजमा नारीको भूमिका, समस्या तथा अवस्थाको अध्ययनका साथै समाजमा हुने नारीउत्पीडन र विभेदप्रतिको प्रतिरोध, शक्ति र पहिचानका सङ्घर्षलाई पनि उजागर गर्छ। विशेषतः नेपाली समाजजस्तो पितृसत्तात्मक संरचनामा नारी समाजको अवस्थाको अध्ययनका लागि नारीवादले विकसित गरेका उदार, मार्क्सवादी, समाजवादी, उग्र, सांस्कृतिक, उत्तरआधुनिक, अन्तर्विषयक आदि धारणा तथा प्रकारलाई आधार मान्न उपयुक्त हुन्छ।

उदार नारीवादले नारीलाई पुरुषसरह स्वतन्त्रता, शिक्षा, रोजगारी, कानुनको समानताजस्ता अधिकार निश्चित गरिनुपर्ने मान्यता राख्छ (टङ, सन् २००९, पृ. १६)। नेपालमा पछिल्ला दशकहरूमा महिलाको विद्यालय र क्याम्पसमा सहभागिता, राजनीतिमा कोटाबाट प्रतिनिधित्व, कानुनी अधिकारमा प्रगति भएको देखिए पनि यो समानता सतही छ । कतिपय महिलाहरूले कानुनी रूपमा सम्पत्तिको हकदार भएर पनि व्यवहारमा त्यसको उपयोग गर्न पाएका छैनन् । शिक्षित महिलालाई पनि निर्णय प्रक्रियाबाट टाढा राख्ने प्रवृत्ति अझै विद्यमान छ।

मार्क्सवादी नारीवादले महिलाको शोषणको जरा पुँजीवादी संरचनाभित्र देख्छ (हेन्सी, सन् २०००, पृ. ५५)। नेपालमा घरायसी श्रमको अवमूल्यन, कामदार महिलाको श्रमको शोषण तथा वर्गीय विभाजन महिलाको दोहोरो उत्पीडनका रूपहरू हुन्। ग्रामीण महिलाहरू दिनभर खेतमा पसिना बगाउँछन्, तर उनीहरूको काम 'प्रेम र जिम्मेवारी' का रूपमा परिभाषित हुन पुग्छ। उनको श्रमको मूल्यको हिसाबमा गणना गरिँदैन । वैदेशिक रोजगारमा गएकी महिला सस्ता श्रमिकका रूपमा शोषणको सिकार हुन्छन्। उग्र नारीवादले पितृसत्तालाई नारी दमनको मूल जरो मान्छ । पितृसत्तात्मक समाजमा नारीले आफ्नो शरीर, यौनिकता, पहिरन, आवाजमा नियन्त्रण राख्न अझै कठिन हुन्छ (फायरस्टोन, सन् १९७०, पृ. ३१) । नेपाली समाजमा 'बोक्सी'को आरोपमा कुटपिट, बलात्कारपछि न्याय नपाउनु, घरभित्र हुने घरेलु हिंसाजस्ता प्रवृत्ति अझै जीवितै छन् । यी सबै उग्र नारीवादका दृष्टिबाट हेर्दा पितृसत्ताको कठोर रूप बन्न पुग्छन् । यस्तै नेपालमा प्रेम वा विवाहमा महिलाले स्वतन्त्र निर्णय लिँदा सामाजिक बहिष्कार हुने अवस्था अझै छ।

सांस्कृतिक नारीवादले महिलाको सहनशीलता, मातृत्व, करुणालगायतका पक्षहरूलाई नारीका विशिष्ट मूल्यका रूपमा प्रस्तुत गर्छ (अल्कोफ, सन् १९८८, पृ. ४१८)। नेपाली समाजमा पनि महिलालाई देवी, माता, श्रद्धालुका रूपमा चित्रित गरिन्छ। आमाको त्याग, बहिनीको समर्पण, पतिव्रता स्त्रीको पूजाजस्ता नेपाली समाजका आदर्शले नारीको सहिष्णुतालाई देखाउने मान्यता छ। तर प्रायः यो नै महिलालाई मौन बनाउने औजार पनि बन्न सक्छ।

उत्तरआधुनिक नारीवादले नारी पहिचानलाई स्थिर होइन, बहुल र निर्माणशील मान्छ (बटलर, सन् १९९०, पृ. ३) । नेपाली समाजमा एउटी महिला शिक्षक, अर्को किसान, अर्को ट्रान्स महिला हुन सक्छिन् । नारी हुँदैमा सबैको उत्पीडन र विभेदको अनुभव, पीडा र भोगाइ एउटै हुँदैन । यसमा मधेसी महिला, तामाङ महिला, अपाङ्ग महिला वा पहिचान खोजिरहेकी समलैङ्गिक महिलाका भिन्न पीडा र अनुभव हुन्छन्। यस्तै भाषा र परम्परा आफैँले नारीको पहिचान कसरी बनाउँछन् भन्ने अध्ययन गरिन्छ।

अन्तरविषयगत नारीवादले नारी हुनु आफैँमा एक मात्र उत्पीडनको कारण होइन । जात, वर्ग, भाषा, धर्म, भूगोल, यौनिकता आदिले पनि महिलाको अवस्था निर्धारण गर्ने मान्यता राख्छ (क्रेन्सा, सन् १९९१, पृ. १२४४)। दलित महिलाहरूले जातीय विभेदका साथसाथै लैङ्गिक विभेद पनि भोगेका हुन सक्छन्। हिमाली क्षेत्रकी महिला, सहरी महिला, आदिवासी महिला, आप्रवासी महिला आदिका समस्या फरकफरक हुन सक्छन्।

नेपाली नारी समाजको अवस्था अध्ययनका लागि नारीवादका उपर्युल्लिखित विविध प्रकारले अघि सारेका अवधारणाहरूलाई आधार लिन उपयुक्त देखिन्छ। खासमा नेपाली नारीसमाज अझै पनि पितृसत्ताको पकडमा छ। यद्यपि प्रतिरोधका स्वरहरू बढ्दै गइरहेका छन् । यसमा कौशिला रिसालको समय र सपना कवितासङ्ग्रहभित्र चित्रित नारीसमाजको अध्ययनका लागि उदार नारीवादको लैङ्गिक असमानता र विभेदको चित्रण, उग्र नारीवादको पितृसत्ताको आलोचना अथवा यौनिक हिंसाको प्रतिरोधका साथै महिलाको शरीर, यौनिकता र निजतासम्बन्धी अभिव्यक्ति, मार्क्सवादी नारीवादको श्रमको अवमूल्यन र वर्गीय शोषण, प्रतिनिधित्व र आवाजको सवाल, अस्तित्ववादी नारीवादको स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरण, उत्तरआधुनिक नारीवादको प्रतिरोधको स्वर र परिवर्तनको चेतना र सबै नारीवादीले मान्ने सहअस्तित्व र समानतासम्बन्धी अवधारणाजस्ता नारीवादी मान्यतालाई विश्लेषणको ढाँचा मानी तथ्यको

विश्लेषणबाट निष्कर्षको निरूपण गरिएको छ।

## *समय र सपना पुस्तकभित्रका कवितामा नारीसमाजको विश्लेषण*

कौशिला रिसालको समय र सपना कवितासङ्ग्रहका कवितामा चित्रण गरिएको नारीसमाजको अध्ययन नारीवादी सिद्धान्तका विभिन्न प्रकारले अघि सारेका मूल अवधारणाका सापेक्षमा यसप्रकार गरिएको छ–

### *लैङ्गिक असमानता र विभेदको चित्रण*

कौशिला रिसालका कवितामा उदार नारीवादीले भनेजस्तै पितृसत्तात्मक समाजमा महिलालाई पुरुषसरह अधिकार नदिने तथा विभेद गर्ने प्रवृत्तिविरुद्ध सचेत नारीसमाजको उपस्थिति पाइन्छ। उनका कवितामा सामाजिक, शैक्षिक, पारिवारिक वा राजनीतिक क्षेत्रमा नारीलाई गरिने विभेदविरुद्ध नारीले नै आवाज उठाएका छन् । अवसर, अभिव्यक्ति र स्वतन्त्रता प्राप्त गर्ने सन्दर्भमा महिला पात्रहरू पुरुषभन्दा पछाडि भएको तथ्य उजागर गर्दै यसतर्फको सचेतना तथा चेतावनीलाई उनको 'गर्भे छोरीको पुकार' शीर्षकको कवितामा यसरी प्रस्तुत गरिएको छ–

आमा नभत्काउनुहोस्
मेरो जन्मने सपना
ननिमोठ्नोस् मेरो जन्माधिकार
गर्भभित्रको भ्रूणलाई
जन्माउने मातृत्वको अधिकार तपाइँमा छ।
... यी सबैको उत्तर खोज्न
म जन्मिनुपर्छ
अब मलाई जन्माउनुस् आमा !

(रिसाल, २०७७, पृ. ७४)

यसमा पितृसत्ताले छोरालाई दिएको प्राथमिकता र छोरीलाई गर्भमै तुहाउन गरेका हर्कतप्रतिको प्रतिरोधी चेतना सशक्त बनेको छ। यसमा आफ्नो अस्तित्वका लागि गर्भबाटै हारगुहार गरेकी छोरीको पुकार छ । समाजमा छोरीप्रतिको विभेदले सृजना गरेको पितृसत्तात्मक सोच र व्यवहारबाट ग्रसित आमाको छोरी जन्माउने हिम्मत मरेका सन्दर्भमा गर्भबाट आफ्नो अस्तित्व र अधिकारमाथि प्रश्न उठाउँदै जन्माउन गरेको पुकारले पितृसत्तात्मक समाजमा भएको लैङ्गिक विभेदको पराकाष्ठालाई द्योतन गरेको छ। नारीवादी जोन स्टुअर्ट मिलले एउटै लिङ्ग (विशेषतः महिला) लाई अर्को लिङ्ग (विशेषतः पुरुष) को अधीनस्थ बनाउने कानुनी व्यवस्था स्वाभाविक रूपमै गलत भएको तथा यस्तो भेदभावले महिला मात्र नभएर सम्पूर्ण मानव समाजको प्रगति रोक्ने भएकाले महिलाहरूलाई बराबरी अधिकार नदिनु समाजले उनीहरूको क्षमता र योगदान गुमाएर विकासमा बाधा पुग्नु हो भन्ने विचार राखेकी छन् (मिल, सन् १८६९, पृ. १) । तर उनले भनेझैँ जन्मअघि नै लैङ्गिक विभेदको जाँतोमा पिल्सिन बाध्य नेपाली महिलाको दयनीय अवस्थाको चित्रण यो कवितामा गरिएको छ। रिसालका 'प्रश्न तिमीलाई' र 'छोरी मान्छे' कवितामा समेत नारीसमानताको वकालत गरिएको छ । यसरी भ्रुणहत्याजस्तो जघन्य पितृसत्तात्मक प्रवृत्तिको आलोचना गर्दै रिसालका कविताले महिलाको जन्माधिकार, अस्तित्व तथा नैसर्गिक जीवन प्राप्त गर्ने हकको वकालत गरेको हुनाले उनका कवितामा नारीअस्तित्वको आवाज उठाउने नारीसमाजको चित्रण देखिन्छ।

### *पितृसत्ताको आलोचना र यौनिक हिंसाको प्रतिरोध*

उग्र नारीवादीहरूले पितृसत्तात्मक व्यवस्थाको आलोचना गर्दै यौन हिंसाप्रतिको विद्रोह प्रस्तुत गर्दछन् । रिसालका कवितामा पनि पितृसत्तात्मक समाजले पुरुषको पौरुषत्वको तारिफ गर्दै नारीमाथि अन्याय गर्दा पनि मुकदर्शक बन्ने प्रवृत्तिविरुद्ध आवाज उठाउने नारीसमाजको चित्रण गरेको छ। पुरुषकेन्द्रित सोच, संस्कृति, नियन्त्रण अथवा व्यवहारको आलोचना गर्दै बालिकालाई गरिने बलात्कार, नारीमाथिका दुर्व्यवहार, कुटपिट तथा अन्य हिंसाविरुद्धको आवाज कविले 'मान्छेको मुखुण्डो' शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गरेकी छन्–

भर्खरै आमाको दुध चुसेर
खेल्न निस्केका लक्ष्मीहरू

बलात्कृत हुन्छन्,
ज्ञानको विश्वविद्यालय टेक्ने
तिनका सपना फुल्न नपाउँदै
उडाउँछ हावाको एक झोक्काले।
... बिस्कुट किनेर
भाइको भोक मेटाउन
पसल गएकी
अबोध अञ्जना
घर र पसलको बिच दूरीमै
लुब्धहरूको सिकार हुन्छिन्
नरकङ्कालहरू दुर्गालाई
गिद्धे दृष्टिले हेर्छन्
पार्वतीमाथि हातपात गर्दै
छातीमा मुड्की बजारेर
आफूलाई बहादुर देखाउँछन्।

(रिसाल, २०७७, पृ. ५०)

यसमा समाजमा भएका बाल यौन हिंसा, बलात्कार र महिलामाथि हुने शारीरिक र मानसिक शोषणको भयानक यथार्थ चित्रण गरिएको छ। भर्खरै आमाको दुध चुसेर खेल्न निस्केका लक्ष्मीहरू बलात्कृत भएका सन्दर्भले बालिकामाथिको हिंसात्मक व्यवहार तथा सामाजिक असुरक्षाको भयावहता देखाएको छ। समाजका यस्ता पितृसत्तात्मक सोच, लैङ्गिक हिंसा र महिलालाई भोग्य वस्तु ठान्ने मनोवृत्ति र व्यवहारको यथार्थ चित्रण गरेर त्यसप्रतिको लेखकीय आक्रोश तथा आलोचना कवितामा प्रस्तुत गर्नु लेखकको ध्येय बनेको छ। देवी तथा लक्ष्मीका रूप भन्न पनि नछाड्ने र तिनै महिलामाथि दैनन्दिन हिंसाका परिपञ्च रचिरहने पितृसत्ताका ब्बाँसाप्रतिको लेखकीय आक्रोशका माध्यमबाट यसमा सांस्कृतिक रूपमा पूजनीय महिलालाई नै समाजले कसरी अपमान र हिंसाको सिकार बनाउँछ भनी समाजको दोहोरो चरित्रको नाङ्गो प्रदर्शन गरिएको छ। नारीवादी केट मिलेटले पितृसत्तालाई बुबाहरूको शक्ति मात्र नभएर यसलाई पुरुषहरूले बलपूर्वक, परम्परा, कानुन र भाषाका माध्यमबाट महिलाको भूमिका निर्धारण गर्ने एउटा सामाजिक, वैचारिक र राजनीतिक व्यवस्था भनेकी छन् (मिलेट, सन् १९७०, पृ. ३१)। उनले भनेजस्तै यो कविताले केवल यौन हिंसाको यथार्थलाई मात्र होइन पितृसत्ताको अमानवीयता, महिलाको अस्तित्व र अस्मितामाथिको नियन्त्रण र आक्रमण अनि समाजको नैतिक मुखुण्डो च्यात्ने समाजको अपेक्षा लेखकीय दृष्टिकोणबाट राखेको छ। अतः रिसालका कवितामा पितृसत्तात्मक समाजमा यौनिक अधिकार तथा अहिंसायुक्त समाजको चाह प्रतिध्वनित भएको छ।

यस्तै रिसालको 'मान्छेजस्तै ऊ' शीर्षकको कवितामा पितृसत्ताको आलोचना र यौनशोषणको प्रतिरोधी चेतना प्रस्तुत भएको छ। कवि भन्छिन्–

ऊ दाजुजस्तै छु
ऊ बाजस्तै छ
अझ बढी त ऊ मान्छेजस्तै छ।
मैले यस्तो सोचिरहँदा
... गुलाबी फूलको आवरणमा ढाकिएर
मेरो नजिक आयो
र मेरो अस्मिता चाटेर यौनको तिर्खा मेट्यो।

(रिसाल, २०७७, पृ. ६९)

यसमा 'ऊ दाजुजस्तै... बाजस्तै... मान्छेजस्तै छ' भन्दै पुरुषलाई हेर्ने नारीको पूजनीय दृष्टिकोणका माध्यमबाट अभिधाका तहमा मानवताको अपेक्षाभाव प्रस्तुत गरिएको छ। तर प्रतीकात्मक रूपमा यसले पुरुषको चरित्रप्रति औँला उठाउँदै नारीभित्रको भयको चित्रण गरेको छ। 'मेरो अस्मिता चाटेर यौनको तिर्खा मेट्यो' पङ्क्तिमा सोको पुष्टि भएको छ। यसले समाजमा महिलाले पाउने धोका, यौन हिंसा र पितृसत्तात्मक सत्ता संरचनाको नग्नरूप प्रस्ट पारेको छ। यस कविताले त्यस्ता पात्रहरूको भण्डाफोर गरेको छ, जो 'मान्छेजस्ता' देखिए पनि भित्री रूपमा हिंस्रक तथा लोलुप प्रवृत्तिका प्रतिनिधि हुन्। आस्था, नाताको विश्वास र सम्बन्धको संस्कारलाई पनि पितृसत्ताले कसरी शोषणको माध्यम बनाउँदछ भन्ने तथ्यलाई कविताले उजागर गरेको हुनाले यसमा नारीपक्षधर समाजको अपेक्षा प्रकटित भएको छ।

## *महिलाको शरीर, यौनिकता र निजतासम्बन्धी अभिव्यक्ति*

उग्र नारीवादीले महिलाको शरीर, यौनिकता तथा निजतालाई सत्ताको राजनीतिसँग जोडेर हेर्दै महिलाको

यौनिकता र शरीरमाथिको नियन्त्रण पितृसत्ताको मूल अस्त्र भएको मान्यता राख्छन्। रिसालका कवितामा पितृसत्तात्मक समाजप्रति सचेत हुँदै महिलाको शरीरबारे स्वतन्त्र निर्णय गर्ने, महिला अधिकारका पक्षमा बोल्ने नारी र शारीरिक हिंसा, यौनिक नियन्त्रण वा भोगका रूपको आलोचना गर्ने नारीसमाजको उपस्थिति देखिन्छ। 'प्रश्न तिमीलाई' शीर्षकको कवितामा कवि भन्छिन्–

दुःखको पहाड उक्लिएर
एउटा उज्यालो घाम खोज्दै हिँडिरहेछु।
बैँसको यो चौतारीमा
म ढुक्कले प्रेम गर्न चाहन्छु
तर मेरा लागि
गोडाका पाउजु र गलाको हार
अहँ, हुन सक्दैनन्
जीवनको गति रोक्ने बन्धनहरू !

(रिसाल, २०७७, पृ. २४)

रिसालको यो कविता नेपाली समाजमा नारीको यौनिकता, निजता र आत्मनिर्णयसम्बन्धी चेतनाको स्पष्ट अभिव्यक्ति हो । 'गोडाका पाउजु र गलाको हार' जस्ता सांस्कृतिक प्रतीकहरू परम्परागत विवाह र पितृसत्तात्मक सम्बन्धका सूचक हुन् । यसलाई कविताले 'जीवनको गति रोक्ने बन्धनहरू' का रूपमा लिएर अस्वीकार गरेको छ । यसमा आफ्नो पहिचान र शरीरमाथि समाजले थोपरिदिएका परिभाषाबाट मुक्त हुन खोज्दै प्रेम कुनै बन्धनमा आधारित नभएर स्वतन्त्रता र आत्मनिर्णयमा आधारित हुनुपर्ने आवाज महिलामार्फत बुलन्द गरिएको छ। नारीवादी म्याकिनोनले महिलाले आफ्नो शरीर आफ्नै अधिकारमा लिनुपर्ने, जबरजस्ती गर्न, हिंसा गर्न अथवा पुरुषको नियन्त्रणका लागि नभएर महिलाको शरीर केवल महिलाकै पूर्ण अधिकार तथा नियन्त्रणमा रहनुपर्ने विचार राखेकी छन् (म्याकिनन, सन् १९८९, पृ. १९२) । उनले भनेजस्तै यस कविताले महिलाको शरीर र सम्बन्धमाथि स्वामित्व राख्ने सामाजिक संरचनाको प्रतिरोध गर्दै नारीको स्वतन्त्र इच्छा, यौनिकता र अस्तित्वको पक्षमा सशक्त आवाज उठाउने नारीसमाजको अपेक्षा गरेको छ।

यस्तै रिसालको 'अहँ म झुक्दिनँ' शीर्षकको कवितामा नारीलाई सौन्दर्यको साधन र उपभोग्य वस्तुका रूपमा लिने पितृसत्तात्मक सोच र व्यवहारको उदाङ्गो चित्रण गरिएको छ। कवि भन्छिन्–

एक दिन छिमेकी दाजुले
कति राम्री भन्दै गाला चिमोटे
मलाई कस्तोकस्तो भान भयो
पसलको अधबैँसे साहुले
चक्लेट हातमा दिँदै बेस्सरी अँठ्याउँदा
म चक्लेट फालेर कति छिटो दाइको हात समाउन
घर आइपुगेकी थिएँ
...स्कुलमा धेरैले प्रेमको
मञ्जुरीनामा मागे
कलेजमा ममाथि सुन्दरीको
कुरूप शब्द प्रहार भए
बाटोमा, यात्रामा जहाँसुकै
मैले, आफूलाई असुरक्षित महसुस गर्न थालेँ।

(रिसाल, २०७७, पृ. १०२)

यसमा महिलाको शरीर, यौनिकता र निजताप्रति सचेत नारी पात्रको उपस्थिति पाइन्छ। प्रस्तुत पङ्क्तिमा बाल्यकालदेखि युवावयसम्म महिलाले भोग्नुपर्ने यौनिक हिंसा, मनोवैज्ञानिक असहजता र असुरक्षाको मार्मिक चित्रण गरिएको छ । छिमेकी दाजुको गाला चिमोट्ने व्यवहारदेखि अधबैँसे साहुको अँठ्याउने कुटिलतासम्म र स्कुल–कलेज हुँदै सार्वजनिक यातायातमा महिलामाथि हुने 'सुन्दरी' शब्दको हिंसात्मक प्रयोगसम्मका प्रसङ्गहरूले महिलाको शरीरप्रति समाजको स्वामित्ववादी दृष्टिकोण प्रस्ट पारेको छ। महिला आफ्नो शरीरमा आफ्नै नियन्त्रण राख्न चाहन्छे; तर समाजले बारम्बार वस्तुका रूपमा हेरिरहन्छ भन्ने भावनाको चित्रणका साथै त्यसप्रतिको विद्रोहका माध्यमबाट यसमा पितृसत्तात्मक सोच बोकेका समाजप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ। यसरी रिसालका कवितामा नारीलाई उपभोग्य वस्तुका रूपमा लिने समाज र त्यस किसिमको सोच र समाजको परिवर्तनको अपेक्षा प्रस्तुत भएको छ।

### श्रमको अवमूल्यन र वर्गीय शोषण

मार्क्सवादी नारीवादले नारीहरूको श्रमको अवमूल्यन भएको तथा वर्गीय रूपमा मात्र नभएर नारीहरू लैङ्गिक शोषणमा पनि परेको धारणा राख्दछ। रिसालका कवितामा गृहिणी, मजदुर महिला वा निम्न वर्गकी महिलाको श्रमको अवमूल्यनको विरोध गरी श्रमप्रतिको श्रद्धाभाव व्यक्त गर्ने नारीसमाज देखिन्छ। उनका कविताले नारीहरू सौन्दर्यमा लिप्त हुने, परनिर्भरतामा जीवन बिताउने प्रवृत्तिबाट अलग भएर आफ्नै श्रमले आत्मनिर्भर भएर जिउन सक्नुपर्ने भाव प्रस्तुत गरेका छन् । 'जीवनको सुन्दरता' कवितामा उनी भन्छिन्–

...गोरो र कालो
हिस्सी पर्नु र नपर्नु
सरोकार राख्दिनँ म
म पसिनाको दानामा
मोती भेट्छु
हातका ठेलामा
जीवनको ज्योति देख्छु
म श्रममा सुन्दरता भेट्छु
मेरा यी सबै रहर
मेरो सरकारलाई सुनाउनु छ
म कुन दर्जाको नागरिकभित्र पर्छु ?
सोधिदेऊ न पत्रकार दाइ !

(रिसाल, २०७७, पृ. ४४)

यसमा पितृसत्तात्मक समाजले निर्माण गरेको सौन्दर्यको पारम्परिक परिभाषा र नारीभूमिकाको विरोध गरिएको छ । यसमा 'पसिनाको दानामा मोती', 'हातका ठेलामा जीवनको ज्योति' र 'श्रममा सुन्दरता' नारी वक्ताको उपस्थितिमार्फत कवितामा चित्रित नारीसमाजका बारेमा प्रस्ट पारिएको छ। यसमा वक्ताले 'कुन दर्जाको नागरिकभित्र पर्छु ?' भनेर प्रश्न गरेर आफ्नो पहिचान खोजेको देखिन्छ। त्यो पहिचानको प्रश्न केवल नारी हुनुको मात्र नभएर राज्य संरचनाभित्र महिलाको वर्गीय अवस्था र श्रमको मूल्याङ्कनको सवाल हो अर्थात् यो प्रश्न केवल व्यक्तिको हैसियतबारे नभएर श्रमिक महिलाको अदृश्यता, बहिष्करण र विभेदको विरोध पनि हो । साथै 'गोरो र कालो' भन्ने पङ्क्तिले सांस्कृतिक सौन्दर्य मापदण्डको आलोचना गर्दै भौतिक आकर्षणभन्दा परको अस्तित्वमा मूल्य देख्ने दृष्टिकोण उजागर गर्दछ । यसरी वर्गीय हैसियत, श्रमप्रतिको दृष्टिकोण र राज्यप्रतिको प्रतिवाद प्रस्तुत गरिएको यस कवितामा मार्क्सवादी नारीवादले चाहेको नारीसमाजको उपस्थिति देखिन्छ।

### प्रतिनिधित्व र आवाजको सवाल

रिसालका कविता महिलाका पक्षबाट लेखिएका छन् । उनका कवितामा महिलाको पीडा, सपना, सङ्घर्ष वा विचारहरू स्पष्ट रूपमा प्रस्तुत गरिएका छन् । रूप र सौन्दर्यको पूजा गरेर नथाक्ने पितृसत्तात्मक समाजमा नारीहरू आफ्नै कर्म तथा पसिनामा विश्वास गर्नुपर्छ भन्ने सोचलाई 'जीवनको सुन्दरता' शीर्षकको कवितामा यसरी प्रस्तुत गरिएको छ–

...ठुलाठुला अर्धनग्न
रङ्गिन फोटा
मेहन्दी पोतिएका हात
पालिस रङ्ग्याएका
लामा नङका ठाउँमा
मेरो पसिनाका
दाना फुलेका अनुहार
ठेला उठेका हत्केला
मलाई अखबारको
पानाभरि हुने मन छ
चित्र कोरिदेऊ न
चित्रकार दाइ !

(रिसाल, २०७७, पृ. ४३)

यसमा वक्ताले पितृसत्ताले आदर्श मान्दै आएको नारी सौन्दर्यप्रति असहमति जनाएकी छन् । 'अर्धनग्न रङ्गिन फोटा', 'मेहन्दी पोतिएका हात', 'लामा नङ' को सट्टा आफ्नो पसिनाले रङ्गिएको अनुहार तथा ठेला उठेका हत्केलाको पक्षमा उभिएकी कविले महिलालाई सौन्दर्यका प्रतीकका रूपमा लिने प्रवृत्तिप्रतिको असहमति जनाएकी छन् ।

पितृसत्तात्मक समाजमा बनेका सौन्दर्यसम्बन्धी आदर्श भत्काएर श्रम र सङ्घर्षमा विश्वास गर्ने नारीको उपस्थितिमार्फत यस कवितामा पृथक् नारीसमाजको चित्रण गरिएको छ। यस्तै शरीरको यथार्थलाई प्रतिनिधित्व गर्ने ठाउँ साहित्य, सञ्चार र चित्रकलामा नभएकाले महिलाले आफ्नो पहिचानको आवाज आफैं उठाउनुपर्ने भाव पनि यसमा अभिव्यक्त भएको छ। 'मलाई अखबारको पानाभरि हुने मन छ' भन्ने अभिव्यक्तिमा सञ्चारजगतमा महिलाको सही चित्रणको अभावप्रतिको आलोचना छ। यहाँ श्रमिक महिलाको आवाज, श्रम, श्रमजन्य सौन्दर्य र पहिचानलाई दृश्य र मूल्यवान् बनाउन चाहने प्रयास गरिएको छ। यसरी यस कवितामा नेपाली नारी समाजको वास्तविक स्वर कलामा प्रस्तुत गराउने आग्रह भएकाले प्रतिनिधित्व र आवाजको सवाल नै सशक्त बनेको छ।

## *स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरण*

अस्तित्ववादी नारीवादले नारीस्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरणको वकालत गर्दै पितृसत्तात्मक विभेदबाट मुक्त नारीसमाजको अपेक्षा गर्दछ। रिसालका कवितामा नारी स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरणका स्वरलाई मुखरित गर्ने नारीसमाजको पनि उपस्थिति देखिन्छ। उनका कविताले महिलाको आत्मनिर्णय, शिक्षा, आर्थिक स्वतन्त्रता वा सशक्तीकरणको पक्षमा वकालत गरेका छन्। रिसालको 'छोरी मान्छे' शीर्षकको कवितामा कवि लेख्छिन्–

सबैको आफ्नै पहिचान हुन्छ
सबैको आफ्नो अस्तित्व हुन्छ
हो, त्यसैले
स्वतन्त्रतको पखेटा काटेर
प्रतिबन्धित नगर्नू मेरा उड्ने रहरहरूलाई।
... म
एउटी छोरी मान्छे हुँ
मान्छेभित्रकै एउटा मान्छे।
बुझिराख्नुस्
पराल, दाउरा र फलामको
बल्ने, गल्ने र सकिने समय एउटै हुँदैन।
निभ्ने, सेलाउने समय पनि त भिन्न हुन्छ।
(रिसाल, २०७७, पृ. ६४)

यो कविताको 'स्वतन्त्रताको पखेटा काटेर प्रतिबन्धित नगर्नू मेरा उड्ने रहरहरूलाई' भन्ने पङ्क्तिले नारीको आकाङ्क्षा र स्वतन्त्र उडानप्रतिको अधिकार सशक्त रूपले प्रस्तुत गरेको छ। 'म एउटी छोरी मान्छे हुँ, मान्छे भित्रकै एउटा मान्छे' भन्ने उद्घोषले छोरीलाई केवल महिलाका रूपमा नभई समान मानवका रूपमा पहिचान गरिनुपर्ने माग अर्थात् स्वतन्त्र अस्तित्वप्रतिको सजगतालाई प्रस्तुत गरेको छ। सिमोन द बुभाले भनेझैँ मानिस महिला भएर नजन्मिने तर समाजले बिस्तारै महिला बनाइदिने हुन्छ (बुभा, सन् १९४८, पृ. २८३) धारणालाई समेत सङ्केत गरेको छ। त्यस्तै 'पराल, दाउरा र फलामको बल्ने, गल्ने र सकिने समय एउटै हुँदैन' भन्ने प्रतीकात्मक पङ्क्तिले नारी अनुभवहरूको बहुलता, सहनशीलता र अस्तित्वको भिन्नताको सम्मान गर्न आग्रह गरेको छ। यसर्थ रिसालका कवितामा नारी अस्तित्वको सम्मान, स्वतन्त्रताको अधिकार र समानतापूर्ण समाजको आकाङ्क्षा गर्ने नारीसमाजको चित्रण पाइन्छ।

## *सहअस्तित्व तथा समानता*

नारीवादका जुनसुकै धार र प्रकारहरूमा विभाजन हुँदै आए पनि यिनीहरूको मुख्य अवधारणा समाजमा नारी र पुरुषको सहअस्तित्व र लैङ्गिक समानताको माग गर्नुमा केन्द्रित छ। रिसालका कवितामा नारी र पुरुषको सहअस्तित्व र समानताको माग गर्ने नारीसमाजको उपस्थिति पाइन्छ। यसम नेपाली नारीले पुरुषसँगको सहकार्य र सहअस्तित्वको माग गरेको सन्दर्भलाई 'सहयात्रा' शीर्षकको कविताका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ–

आऊ मन्थन गरौँ
मसँग भएको विवेकलाई
तिम्रो विचारसँग मित लगाइदिऊँ।
तिमी थोरै अग्लो भए
म अलिकति होचो भइदिउँला।
...म कल्पना गर्न सक्दिनँ

दुईथरी मान्छे विनाको संसार
जुन घरमा न तिमीमात्र रहन सक्छौ
न ममात्र बस्न सक्छु ?
...एक्लै हुन सम्भव छैन भने
आऊ सँगसँगै
अब मान्छे भएर उभिन सिकौँ
दिन र रातमा उदाउने
घाम जूनबिचको
उज्यालो र अध्याँरो नै हो जीवनको सङ्गम ।

(रिसाल, २०७७, पृ.४६)

यस कवितामा 'मसँग भएको विवेकलाई तिम्रो विचारसँग मित लगाइदिऊँ' भन्ने अभिव्यक्तिमार्फत पुरुष र महिलाबिच विचार, विवेक र अनुभवको समतामूलक सहयात्राको प्रस्ताव गरिएको छ । यसले नारीलाई पुरुषभन्दा उपल्लो दर्जामा नभएर समान हैसियतमा 'सहयात्री' का रूपमा स्वीकार्ने मानवीय दृष्टिकोण प्रस्तुत गरेको छ। यसले उदार नारीवादीहरूको सहअस्तित्वको धारणा र अस्तित्ववादी नारीवादी बुभाको महिला अन्य नभएर आफैँमा स्वतन्त्र अस्तित्व हुन् (बुभा, सन् १९४९, पृ. XVII) भन्ने धारणासँग सामञ्जस्य राखेको देखिन्छ। 'तिमी थोरै अग्लो भए म अलिकति होचो भइदिउँला' भन्ने पङ्क्तिले लचिलो सहकार्य र परस्पर सम्मानका आधारमा नारीपुरुष सम्बन्ध अघि बढ्नुपर्ने विचार प्रस्तुत गरेको छ। यस कविताले न त पितृसत्ताको प्रत्यक्ष विरोध गर्छ, न त केवल महिलाको पीडा र विद्रोह चित्रण गर्छ; बरु दुई लिङ्गीय अस्तित्वबिचको सहअस्तित्व, समता र सहानुभूतिमा आधारित सम्बन्ध निर्माण गर्ने सोच प्रस्तुत गरेको छ । यसमा टकराव र लैङ्गिक द्वन्द्वबाट नभएर साझा अस्तित्वको सौन्दर्य तथा आवश्यकतामा विश्वास गर्ने समतामूलक नारीवादी चेतनाका माध्यमबाट पितृसत्ता हाबी नभएको सन्तुलित समाजतर्फको आग्रह प्रस्ट पारिएको छ। यसरी रिसालको प्रस्तुत कृतिमा नारीवादी चेतनाको अभिव्यक्तिका माध्यमबाट पितृसत्तात्मक समाजको विरोध र सहअस्तित्वमा केन्द्रित समतामूलक समाजका पक्षधर नारीपात्रको भाव, विचार र उपस्थितिका माध्यमबाट पृथक् नारीसमाजको चित्रण गरिएको छ।

## *निष्कर्ष*

कौशिला रिसालको समय र सपना कविता–सङ्ग्रहभित्रका कवितामा पितृसत्तात्मक समाजबाट उत्पीडित, शोषित, विभेदग्रस्त जीवन भोगिरहेका महिलामा आएको नारीअस्तित्व र समानताप्रति सचेत नारीसमाजको उपस्थिति पाइन्छ । उनका कवितामा नारीवादका विभिन्न प्रकारले अघि सारेका विविध अवधारणासँग सामञ्जस्यता भएका विचार, भाव र दृष्टिकोण बोक्ने नारीपात्रको उपस्थिति देखिन्छ। उदार नारीवादले अघि सारेको लैङ्गिक असमानता तथा विभेदको चित्रणसम्बन्धी अवधारणा रिसालका 'गर्भे छोरीको पुकार', 'प्रश्न तिमीलाई' र 'छोरी मान्छे' जस्ता कवितामा प्रस्तुत गरिएको छ। उग्र नारीवादको पितृसत्ताको आलोचना वा यौनिक हिंसाको प्रतिरोधका साथै महिलाको शरीर, यौनिकता र निजतासम्बन्धी दृष्टिकोणसँग रिसालका 'मान्छेको मुखुण्डो' 'मान्छेजस्तै ऊ', 'प्रश्न तिमीलाई' तथा 'अहँ म भुक्दिनँ' कविता सम्बद्ध देखिन्छन्। उनको 'जीवनको सुन्दरता' शीर्षकको कविताले मार्क्सवादी नारीवादको श्रमको अवमूल्यन र वर्गीय शोषण तथा प्रतिनिधित्व र आवाजको सवालसम्बन्धी अवधारणालाई प्रस्तुत गरेको छ । अस्तित्ववादी नारीवादको स्वतन्त्रता, आत्मनिर्णय र सशक्तीकरण र सहअस्तित्व तथा समानतासम्बन्धी अवधारणालाई रिसालको 'छोरी मान्छे' र 'सहअस्तित्व' शीर्षकका कविताले उजागर गरेको छ। यसरी रिसालको समय र सपना कवितासङ्ग्रहभित्रका सबै कवितामा नारीवादी चेतनायुक्त समाजको चित्रण नपाइए तापनि अधिकांश कविताले नारीअधिकार, अस्तित्व, स्वतन्त्रता र समानताका पक्षमा आवाज उठाएर पितृसत्तात्मक समाजभन्दा भिन्न नारीसमाजको प्रतिनिधित्व गरेका छन् । तसर्थ रिसालका कविताहरूले लैङ्गिक न्याय, यौनिक अधिकार, सामाजिक सम्मान र समानताको खोजीलाई साहित्यिक आकृतिमा रूपान्तरण गरेका छन् । नारीहरूका सचेत आवाज, विद्रोह र अपेक्षाका माध्यमबाट पितृसत्तात्मक समाजभन्दा पृथक् नारीसमाजको चित्रण र आवश्यकता बोधको भाव पनि यी कवितामा अभिव्यक्त भएका छन्।

यसरी पितृसत्तात्मक नेपाली समाजमा पितृसत्ताले नारीमाथि गरेका हिंसा, विभेद, दुर्व्यवहार आदिप्रति औँला उठाएर नारीअस्तित्व, समानता, स्वतन्त्रता र नारीपुरुषबिचको सहअस्तित्व रहने भिन्न नारीसमाजको पक्षधरता यी कविताका शक्ति बनेका छन्। यस किसिमको समाजको चित्रणले कवितालाई सशक्त, कलात्मक, गहन ओजपूर्ण बनाएको छ।

सन्दर्भग्रन्थ सूची


रिसाल, कौशिला (२०७७). *समय र सपना.* काठमाडौँ : नमुना प्रकाशन तथा अनुसन्धान प्रा. लि.।

Alcoff, Linda Martín (1988). 'Cultural feminism versus post-structuralism: The identity crisis in feminist theory'. Signs: *Journal of Women in Culture and Society.* 13(3), 405–436. https:// doi. org/ 10. 1086/494426.

Andersen, Margaret L., & Taylor, Howard F. (2008). *Sociology: The essentials.* (6th ed.). Belmont. CA: Wadsworth.

Beauvoir, Simone de. (1949). *The second sex.* (H. M. Parshley, Trans.). New York, NY: Vintage Books.

Butler, Judith (1990). *Gender trouble: Feminism and the subversion of identity.* New York, NY: Routledge.

Crenshaw, Kimberlé Williams (1991). 'Mapping the margins: Intersectionality, identity politics, and violence against women of color'. *Stanford Law Review.* 43(6), 1241–1299. https://doi.org/10.2307/1229039.

Firestone, Shulamith (1970). *The dialectic of sex : The case for feminist revolution.* New York, NY: William Morrow and Company.

Hennessy, Rosemary (2000). *Profit and pleasure : Sexual identities in late capitalism.* New York, NY: Routledge.

Hooks, bell. (2000). *Feminism is for everybody: Passionate politics.* Cambridge, MA: South End Press.

MacIver, R. M. (Robert Morrison), & Page, C. H. (Charles Hunt). (1961). *Society: An introductory analysis.* (Revised ed.). Rinehart and Company.

MacKinnon, Catharine A. (1989). *Toward a Feminist Theory of the State.* Cambridge, MA: Harvard University Press.

Mill, John Stuart (1869). *The subjection of women.* London: Longmans, Green, Reader, and Dyer.

Millett, Kate (1970). *Sexual Politics.* Garden City, NY: Doubleday.

Tong, Rosemarie (2009). *Feminist thought : A more comprehensive introduction.* (3rd ed.). Boulder, CO: Westview Press.